# निर्णयहरुः

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल हुँदा चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा यस नगरपालिकाका सवै वडाहरुले रु. ४६ लाख ६० हजारको बजेट सिलिङ भित्र रहेर मिति २०७४/०७/२४ गते भित्र नगरपालिकामा बजेट तथा कार्यक्रम पेश गर्ने । प्राप्त भएका बजेट तथा कार्यक्रम तथा अन्य नगरस्तरका कार्यक्रमहरु समावेश गरी मिति २०७४/०७/२७ गते नगरकार्यपालिकाको बैठकमा पेश गरी स्वीकृतिको लागि मिति २०७४/०७/३० गते भित्र नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल हुँदा यस नगरपालिकालाई खुला दिसामुक्त नगरपालिका घोषणा गर्न सम्पूर्ण वडाअध्यक्ष तथा सरोकारवला निकायहरुको संयुक्त बैठक बसी वडा घोषणाको मिति तय गरी क्रमश घोषणा गर्दै खुला दिसा मुक्त अभियानलाई प्रभावकारी बनाउने र मिति २०७४/०९/२ गते भित्र यस नगरपालिकालाई खुला दिसामुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल हुँदा वडा कार्यालयहरु सम्वन्धित वडाहरुमा स्थापना गर्न उपयुक्त स्थानहरुको पहिचान गरी नगरपालिकालाई सिफारिश गर्न तपशिल बमोजिमको समिति निर्माण गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजकः | श्री मञ्जु प्रसाई | उप प्रमुख |
| सदस्यः | श्री गोविन्द प्रसाद पौडेल | वडाअध्यक्ष वडा नं. ४ |
| सदस्यः | श्री रुद्र प्रसाद चिमरिया | वडाअध्यक्ष वडा नं. ३ |
| सदस्यः | श्री परशुराम गिरी | वडाअध्यक्ष वडा नं. ३ |
| सदस्य सचिवः | श्री लक्ष्मी प्रसाद अधिकारी | खरिदार, क.न.पा |

**निर्णय नं. ४**

कनकाई नगरपालिका नगरकार्यपालिकाको बैठक प्रत्येक महिनाको ७ गते बस्ने र उक्त दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन उक्त बैठक वस्ने निर्णय गरियो ।